नेपाल सरकार
शिक्षा मन्त्रालय
# शिक्षा विभाग
सानोठिमी,भक्तपुर

नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग
सानोठिमी, भक्तपुर

प.सं. ०७४/७५
च.नं. ५८

मिति:- २०७४/०९/०९

**विषय : - विद्यालय कर्मचारीको विवरण सम्वन्धमा ।**

श्री जिल्ला शिक्षा कार्यालय
सबै ।

प्रस्तुत विषयमा विद्यालयमा कार्यरत कर्मचारीहरू ६० वर्ष उमेर हदका कारणबाट अवकास हुने भई सेवा सुविधाका लागि अर्थ मन्त्रालयमा सहमति माग गरिएकोमा अर्थ मन्त्रालयको मिति २०७४/५/४ को पत्रबाट यस्ता प्रकृतिका कर्मचारी के कत्ति छन् ? के कसरी सुविधा पाउने गरी स्थायी नियुक्ति गरिएको हो ? के कत्ति सुविधा दिन पर्ने हो ? सो को विवरण खुलाइ पठाइदिनु हुन भनि लेखी आएकोमा शिक्षा मन्त्रालयको च.नं. ८७ मिति २०७४/५/६ को पत्र मार्फत विवरण माग भई आएको हुँदा सम्वन्धित जिल्ला शिक्षा कार्यालयले आवश्यक प्रमाण सहित निम्नानुसारको ढाँचामा समष्टिगत विवरण २०७४ भाद्र मसान्त भित्र उपलब्ध गराउन शिक्षा विभागबाट सुचना मार्फत माग गरिएकोमा पुनः २०७४ असोज मसान्त सम्म म्याद थप गर्दा पनि प्राप्त नभएको हुँदा देहाय अनुसार (क),(ख),(ग) र (घ) बुँदा बमोजिमको समष्टिगत विवरण पठाई दिन पुन: ताकेता गरिएको छ । तल उल्लेखित ढाँचामा मिति २०७४/९/१५ भित्र अनिबार्य रूपमा विवरण पठाउनु हुन अनुरोध गरिन्छ । साथै उक्त मिति भित्र विवरण प्राप्त नभएमा प्राप्त भए जत्तिको विवरण आवश्यक कार्यार्थ शिक्षा मन्त्रालयमा पठाइने ब्यहोरा समेत अनुरोध गरिन्छ ।

(क) जिल्ला शिक्षा समितिबाट स्वीकृत दरवन्दीमा जिल्ला शिक्षा सेवा आयोग वा जिल्ला शिक्षक छनोट उपसमिति वा जिल्ला शिक्षक छनोट समितिको सिफारिस अनुसार जिल्ला शिक्षा कार्यालयले स्थायी गरेका विद्यालय कर्मचारीहरूको विवरण ।

(ख) जिल्ला शिक्षा समितिबाट स्वीकृत दरवन्दीमा जिल्ला शिक्षा सेवा आयोग वा जिल्ला शिक्षक छनोट उपसमिति वा जिल्ला शिक्षक छनोट समितिको सिफारिस अनुसार विद्यालय सञ्चालक समितिबाट स्थायी र जिल्ला शिक्षा कार्यालयले समर्थन गरेका विद्यालय कर्मचारीहरूको विवरण ।

(ग) जिल्ला शिक्षा समितिबाट स्वीकृत दरवन्दीमा जिल्ला शिक्षा कार्यालयले अधिकार प्रत्यायोजन गरी विद्यालय सञ्चालक समितिले छनोट कमिटी बनाई कमिटीको सिफारिसमा विद्यालयले स्थायी नियुक्ति गरेका विद्यालय कर्मचारीहरूको विवरण ।

(घ) अन्य तरिकाबाट नियुक्ति भएका विद्यालय कर्मचारीको हकमा सोहि अनुसारको विवरण ।

| क्र.सं. | विद्यालय कर्मचारीको नाम थर | शैक्षिक योग्यता | नियुक्ति भएको पद | स्थायी नियुक्ति मिति | तलव भत्ताको स्रोत | के कसरी सुविधा पाउने गरि स्थायी नियुक्ति गरिएको हो? | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |

नोट: माथि उल्लेखित सबै प्रकृयाका विवरण ब्यहोरा प्रमाणित कागजात समेत राखि संलग्न ढाँचामा अलग अलग पठाउनु पर्ने छ ।

वोधार्थ:- श्री क्षेत्रीय शिक्षा निर्देशनालय
५ ओटै ।

.........................
केशव प्रसाद दहाल
निर्देशक


फोन नं. ६६३४१७८, ६६३४१७९, ६६३४१८०, ६६३१०७५, ६६३१९७१, ६६३१९७४, ६६३३०२८, फ्याक्स नं. ६६३१९७२, ६६३१९७३, ६६३३६२४
वेभसाइट:- www.doe.gov.np